# स्थानीय राजपत्र

**झापा, १ नं प्रदेश नेपाल**

कचनकवल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १) झापा, १ नं प्रदेश, नेपाल, फाल्गुन १६ गते २०७५ साल ( संख्या ८

## भाग १

**कचनकवल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**कचनकवल गाउँपालिकाले वनाएको तल लेखिए वमोजिमको कानून सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

**संवत् २०७५ को कचनकवल गाउँपालिकाको शिक्षा ऐन २०७५को संसोधन, २०७७ समेत**

# कचनकवल गाउँपालिकाको शिक्षा ऐन २०७५को संसोधन, २०७७ समेत

**प्रस्तावनाः**

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गरी संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधानको धारा २२१, अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा २ को (ज) को अधिकारलाई कार्यान्वयन गर्न सोही ऐनको दफा १०२ बमोजिम कचनकवल गाउँपालिकाको तेस्रो गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- एक

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "कचनकवल गाउँपालिकाको शिक्षा ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन कचनकवल गाउँपालिका भर लागू हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले कचनकवल गाउँपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ ।
(ख) "कार्यपालिका" भन्नाले कचनकवल गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।
(ग) "कोष" भन्नाले दफा ४४ वमोजिम विद्यालय संचालनका लागि खडा गरिएको कोषलाई सम्झनु पर्छ ।
(घ) "गाउँपालिका" भन्नाले कचनकवल गाउँपालिकालाई सम्झनुपर्छ ।
(ङ) "गाउँ सभा" भन्नाले कचनकवल गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।
(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कचनकवल गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।
(छ) "बाल शिक्षा केन्द्र" भन्नाले तीन वर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकहरुको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदि सम्झनु पर्छ ।
(ज) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।
(झ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।
(ञ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।
(ट) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाहृसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।
(ठ) "सामुदायिक विद्यालय" भन्नाले संघीय सरकार वा प्रदेश सरकार र गाउँपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।
(ड) "व्यवस्थापन समिति" भन्नाले दफा १८ वमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ढ) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ण) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने विभाग/महाशाखा र शाखा वा ईकाईलाई सम्झनु पर्छ ।

(त) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(थ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्नेछ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(द) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ध) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनुपर्नेछ र सो शब्दले दफा १८ को प्रयोजनका लागि विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै, र त्यस्ता अभिभावक नभएका विद्यार्थीका हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिसमेतलाई जनाउँछ ।

(न) "शिक्षक अभिभावक संघ" भन्नाले दफा १९ अनुसार गठन हुने शिक्षक तथा अभिभावकहरुको संघलाई सम्झनु पर्छ ।

(प) "शिक्षक महासंघ" भन्नाले शिक्षकहरुको पेशागत संस्थाहरुबाट निर्वाचित संस्थालाई सम्झनु पर्छ ।

(फं) "तोकिए वमोजिम" भन्नाले यस ऐन वमोजिम बनेको नियममा तोकिएको कुराहरुलाई जनाउँद ट ।

## परिच्छेद- दुई

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृती, समायोजन तथा नियमन

**३. विद्यालयको तह :** विद्यालयहरुको तह देहाय वमोजिम दुई प्रकारको हुनेछन् ..........................................

(क) माध्यमिक तह : कक्षा १२ सम्म अध्ययन अध्यापन हुने,

(ख) आधारभूत तह : कक्षा ८ सम्म अध्ययन अध्यापन हुनेछ । आधारभूत तह भित्र कक्षा ५ सम्म अध्ययन अध्यापन हुने विद्यालयलाई प्राथमिक तह र बाल विकास केन्द्र अन्तर्गत बाल हेरचाह केन्द्र, मन्टेश्वरी, किन्डरगार्डेनहरु रहनेछन् ।

**४. माध्यमिक शिक्षाको प्रकार:** माध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछन्:-

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**५. शिक्षाको माध्यम:**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबैभाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय वमोजिम हुन सक्नेछ :-

(क) आधारभूत तह (कक्षा ८) सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्नसक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**६. आवासीय शिक्षा, विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी आवासीय शिक्षा, विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**७. विद्यालयको वर्गीकरण:** विद्यालयको सम्पत्ति, स्रोत साधन र लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिनेछः-

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी विद्यालय

**८.विद्यालय संचालन गर्न अनुमति लिनुपर्ने:**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक, संस्थागत, तथा धार्मिक( मदरसा, गुरुकुल, गुम्बा) विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित शैक्षिक सत्र शुरु हुनुभन्दा चार महिना अगावै गाउँपालिका प्रमुख समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक स्थलगत जाँचबुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा शिक्षा समितिले शैक्षिक सत्र सुरु हुनु भन्दा दुई महिना अगावै आफ्नो राय सहितको सिफरिसमा गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ । गाउँ कार्यपालिकाले उचित ठानेमा तोकिएको ढाँचामा अनुमति दिइनेछ । यस्ता विद्यालयलाई आवस्यक सहयोग समेत गर्न सक्नेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका वखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (२) अनुसार शिक्षा समितिको सिफारिस उपयुक्त लागेमा शैक्षिक सत्र सुरु हुनुभन्दा तीस दिन अगावै गाउँपालिकाको निर्णय वमोजिम तोकिएको ढाँचामा गाउँपालिका प्रमुखले अनुमति दिनेछ ।

(५) उपदफा (३) वमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरी शिक्षा समितिमा राय सहित राय पेश गर्ने छ र माग वमोजिम विद्यालय सञ्चालन गर्न शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(६) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्वारा तर्जुमा गरिएको प्राविधिक तथा व्यवसायीक माद्यमिक शिक्षा ( टि-एस.इ.इ.) सञ्चालनका लागि कुनै सामुदायिक माद्यमिक विद्यालयले आवेदन गरेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले अनुमति प्रदान गर्न सक्नेछ तर अनुमति दिनु अघि परिषदद्वारा तोकिएको मापदण्ड जाँचबुझ र यकिन गर्ने कार्य गाउँ शिक्षा समितिले गर्नु पर्नेछ ।

(७) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(८) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि संचालनमा रहेका संस्थागत विद्यालयहरुले शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय वमोजिम गर्नु पर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनु पर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनु पर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए वमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(९) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँपालिका प्रमुख समक्ष आवेदन दिनु पर्ने छ । गाउँ कार्यपालिकाबाट सो को स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(१०) उपदफा (८) वमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिले तोके वमोजिम हुनेछन् ।

(११) माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

(१२) यस अघि दर्ता भएका विद्यालय सम्वन्धि व्यवस्था : (१) माथि जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र संचालनमा रहेका विद्यालयहरु यसै ऐन वमोजिम संचालन भएका मानिनेछन् । तर यस अघि संचालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ ।

**९.धरौटी राख्नु पर्ने:** संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय वमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ :

(क) माध्यमिक विद्यालयको लागि पाँच लाख रूपैयाँ,

(ख) आधारभूत विद्यालयको लागि दुई लाख पचास हजार रूपैयाँ,

(ग) प्रारम्भिक बाल विकास विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ

तर, दफा ८ को उपदफा (९) बमोजिम विद्यालय संचालन गर्न र बिशेष आवश्यकता भएका विद्यार्थिका लागि वा सिमान्तकृत वा अति विकट भौगिलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यपालिकाले धरौटी छुट दिन सक्नेछ ।

**१०. धरौटी रकम जम्मा गरिने :** (१) विद्यालयले दफा ९ बमोजिमको धरौटी बापतको रकम गाउँपालिका शिक्षा शाखाका प्रतिनिधि र सम्बन्धित विद्यालयको प्र.अ.को संयुक्त दस्तखतबाट संचालन हुने गरी धरौटी खातामा जम्मा गर्नुपर्नेछ |

**११..पाठ्यक्रम तथा शैक्षिक क्यालेण्डरः** सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परिक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यसै ऐन वमोजिम पालना गर्नुपर्ने छ ।

**१२. बाल शिक्षा केन्द्र स्थापनाः** गाउँपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बाल शिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ ।

**१३. वाल गृहको संचालनः** गाउँपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले वाल गृह संचालन गर्न पाउनेछ । वाल गृह संचालनको लागि आवश्यक प्रकृया गाउँ शिक्षा समितिले तोके वमोजिम हुनेछ ।

**१४. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए वमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ ।

१। सामुदायिक सिकाई केन्द्र व्यवस्थापन गर्न निम्न सात(७) सदस्य समिति रहनेछ |

क। शिक्षा समितिको अध्यक्षले तोकेको (ख), (ग), (घ) र (ङ) खण्डबाट निर्वाचित भई आएको व्यक्ति **अध्यक्ष**

ख। सामुदायिक सिकाई केन्द्रका संस्थापक तथा महिला समूहरु मध्ये बाट निजहरुले छानेर पठाएका एक(१)जना महिला सहित दुई(२) जना **सदस्य**

ग। सामुदायिक सिकाई केन्द्र रहेको वडाका समाजसेवी, बुद्धिजिवीहरु मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेको दुई जना **सदस्य**

घ। सामुदायिक सिकाई केन्द्र रहेको वडाका सामुदायिक विद्यालयका शिक्षकहरु मध्येबाट गाउँ शिक्षा समिति अध्यक्षले मनोनित गरेको एक जना **सदस्य**

ङ। सामुदायिक सिकाई केन्द्र रहेको वडाका जनप्रतिनिधिहरु मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेको एक जना - **सदस्य**

च। सामुदायिक सिकाई केन्द्रको परिचालिका **सदस्य-सचिव**

२। उपदफा १ बमोजिम छानिएका पदाधिकारीहरुको अवधी दुई (२) बर्षको हुनेछ |

३। सामुदायिक सिकाई केन्द्रले प्रत्येक बर्ष शिक्षा समितिले तोकेको ढांचामा बार्षिक प्रतिवेदन पेश गर्नुपर्ने छ |

४। प्रत्येक बर्ष श्रावन मसान्त सम्ममा सिकाई केन्द्र नविकरण गर्नुपर्दछ |

**१५. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**

(१) गाउँपालिकाले तोकिएको मापदण्ड वमोजिम हाल सञ्चालन भइरहेका १ किलो मिटरको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ । कक्षा १-५ विद्यालयमा कुल २० जना भन्दा कम विद्यार्थी भएमा गाउँ शिक्षा समितिको सिफारिसमा कक्षा थप घट गरि अन्य कक्षाहरु वन्द गर्न सक्ने छ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा स्वीकृतीका लागि पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) वमोजिम पेश हुन आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृती दिन सक्नेछ ।

(४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन । माध्यमिक तहको हकमा कम्तिमा ५०,००,०००।- (पचास लाख रुपैया मात्र), आधारभूत

तहको हकमा कम्तिमा ३०,००,०००।- (तीस लाख रुपैया मात्र) रुपैया प्रदान गरेमा नेपाली नागरिकको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन ।

(५) विद्यालयको कक्षा थप गर्न सकिने: तोकिएको सर्त र पूर्वाधार पुरा गरेमा सम्बन्धित तहको कक्षा थप गर्न अनुमति दिन सकिने छ ।

स्थानीय राजपत्र

## परिच्छेद : ३

## शिक्षा सम्वन्धी संरचनागत व्यवस्था

**१६. गाउँ शिक्षा समिति सम्वन्धी व्यवस्थाः**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय वमोजिमको गाउँ शिक्षा समिति रहनेछ :-

(क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(ख) गाउँ कार्यपालिका अध्यक्षबाट मनोनित शिक्षाप्रेमी र दलित महिला गरि दुई जना सदस्यहरु - सदस्य

(ग) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्ये कार्यपालिकाको अध्यक्षले तोकेको एक जना प्रधानाध्यापक - सदस्य

(घ) संस्थागत विद्यालयहरुको प्रधानाध्यापक मध्येबाट कार्यपालिकाले तोकेको प्रतिनिधी एक जना - सदस्य

(ङ) समाजसेवी, शिक्षा प्रेमी, वा चन्दादाताहरु मध्येबाट गाउँ कार्यपालिकाबाट मनोनित दुईजना - सदस्य

(च) विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरु मध्ये गाउँ कार्यपालिकाबाट मनोनित एक जना -सदस्य

(छ) गाउँपालिका क्षेत्र भित्र गठन भएको नेपाल शिक्षक महासंघको अध्यक्ष वा प्रतिनिधि एक जना -सदस्य

(ज) गाउँपालिका क्षेत्रभित्र रहेको शिक्षक अभिभावक सघंको तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी प्रमुख वा अध्यक्षले तोकेको प्रतिनिधि एक जना -सदस्य

(झ) गाउँ कार्यपालिका प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ञ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको बैंठक संचालन प्रक्रिया, बैंठक भत्ता तथा सेवा सुविधा गाउँ कार्यपालिकाबाट तोकिए वमोजिम हुनेछ ।

(३) उपदफा (१) अनुसार नियुक्त सदस्यले पदीय आचरण पूरा नगरेमा गाउँ मनोनयन गर्ने पदाधिकारीले जुनसुकै समयमा पनि हटाउन सक्नेछ तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि कम्तिमा दुई पटकसम्म मनासिव माफिकको स्पष्टिकरण दिने मौकावाट वञ्चित गरिने छैन ।

(४) गाउँपालिका क्षेत्र भित्रका शिक्षा सम्वन्धी कार्यदल, शिक्षा सम्बन्धी तालिम प्रदायक संस्था प्रमुख तथा उप-समितिका संयोजक र नेपाल शिक्षक महासंघमा आवद्ध संघ संगठनका प्रतिनिधिहरु उपदफा (१) वमोजिम बैंठकमा आमन्त्रण गर्न सकिनेछ ।

(५) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) आफ्नो कार्य क्षेत्र भित्रको शिक्षा शाखाबाट पेश भएको शैक्षिक योजना माथि छलफल गरी स्वीकृतिका लागि गाउँपालिकामा पेश गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने ।

(च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षकका सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(ज) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्यांकन गर्ने

(झ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ,

(ञ) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड, कारवाही गर्ने गराउने ।

(ट) कुनै विषयको रोष्टर वा विषय विज्ञमा गाउँपालिकाले माथिल्लो योग्यता भएका, अनुभवी र दक्ष सेवारत वा सेवानिवृत्त नेपालीहरु मध्येबाट छनोट गरिने छ ।

(ठ) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृती र अनुमतीको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

(ड) विद्यालय गाभ्ने, सार्ने नाम, परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी गाउँ पालिकामा पेस गर्ने

(ढ) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने ।

(ण) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने ।

(त) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(थ) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने ।

(द) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने ।

(ध) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(न) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्बन्धित तथ्याङ्कहरु राख्ने ।

(प) शिक्षामा सवै वालवालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई ग्यारेण्टी गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु संचालन गर्ने ।

(फ) शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यार्थीहरुमा सकारात्म सोच विकास गराउने तथा पठन संर्स्कतिको वकिास गराउने कार्यकमका लगि कार्यपालिका मार्फत बजेट व्यवस्था गराउने ।

(ब) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

१७. **शिक्षा अधिकृतको काम कर्तव्य र अधिकार:** गाउँपालिका अन्तर्गतका शिक्षा सम्वन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न १ जना शिक्षा अधिकृत रहनेछ । निजको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :

(१) गाउँपालिकास्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेश गर्ने,



स्थानीय राजपत्र

(२) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासको लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

(३) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुरिवेक्षण गर्ने गराउने,

(४) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासको लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कनको सुपरीवेक्षण गर्ने ।

(६) गाउँपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने

(७) शिक्षा अधिकृतको अन्य काम कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

(८) गाउँपालिका अन्तर्गत विद्यालयहरुको निरीक्षण तथा सुपरिवेक्षण गर्न विद्यालय निरीक्षक रहनेछन् । निजहरुको काम, कर्तव्य, र अधिकार तोकिए वमोजिम हुनेछ ।

**१८. विद्यालय व्यवस्थापन समिति :**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहने एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) शिक्षा समितिको अध्यक्षले तोकेको (ख), (ग) (घ) र (ङ) खण्डबाट निर्वाचित भई आएको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरुले छानेर पठाएका कम्तीमा एकजना महिला सहित दुईजना अभिभावक -सदस्य

(ग) विद्यालय रहेको सम्वन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सम्वन्धित वडा समितिले मनोनयन गरेको एकजना जनप्रतिनिधि -सदस्य

(घ) विद्यालयका संस्थापक, चन्दादाता व्यक्तिहरू मध्येबाट गाउँपालिका अध्यक्षले मनोनीत गरेको एकजना महिला सहित दुई जना -सदस्य

(ङ) स्थानीय शिक्षा प्रेमीहरु मध्येबाट गाउँ शिक्षा समितिको अध्यक्षले मनोनित गरेको दुई जना -सदस्य

(च) विद्यालयका शिक्षकहरुले छानेर पठाएको एक जना शिक्षक -सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

माथि खण्ड (क) वमोजिम सम्वन्धित वडाका वडाध्यक्ष विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भएमा सो वडाको कुनै एक विद्यालयको मात्र व्यवस्थापन समितिको अध्यक्ष हुन सक्नेछ ।

(२) वालक्लवहरुको तर्फबाट १ जना वालक वा वालिकालाई आमन्त्रित सदस्यको रुपमा अनिवार्य सहभागि गराउनु पर्नेछ ।

(३) उपदफा (१) वमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारीले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(४) विद्यालयलाई शान्ति क्षेत्र र वालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पूरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनेछ ।

(५) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने ।

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने ।

(घ) विद्यालयको वार्षिक वजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने ।

(ङ) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने ।

(च) स्विकृत दरवन्दी अनुसारका शिक्षकहरुको खोजी गरी काममा लगाउने तथा गाउँपालिकाबाट स्वीकृत दरवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने ।

(छ) गाउँ शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने ।

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने ।

(झ)तोकिए बमोजिमका क्षेत्रसँग सम्वन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने ।

(ञ) प्रचलित कानून र नियम पालना नगर्ने शिक्षक, कर्मचारीलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने ।

(ट) विद्यालयले आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारीश्रमिक तथा सुविधाको व्यवस्था गर्ने ।

(ठ) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रवन्ध मिलाउने ।

(ड) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

(६) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफैं बनाउन सक्ने छ ।

**१९. शिक्षक अविभावक संघः** सबै विद्यालयमा शिक्षक र अविभावकहरु रहेको एक शिक्षक अविभावक संघ रहनेछ । यस सम्वन्धी कार्यविधि गाउँ शिक्षा समितिले तय गरे बमोजिम हुनेछ ।

## परिच्छेद ४

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवाशर्त र योग्यता

**२०. गाउँ कार्यपालिकाको शिक्षक तथा कर्मचारीहरुको दरवन्दी निर्धारण गर्नेः**

(१) गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्नेछ ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशिक मापदण्ड वमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ।

(३) उपदफा (१) वमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँ शिक्षा शाखाले राख्नु पर्नेछ।

(४) गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने कर्मचारीहरुको दरवन्दिको निर्धारण गाउँ कार्यपालिकाले गर्नेछ र सो को अभिलेख गाउँ शिक्षा शाखामा रहनेछ॥

(५) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको शिक्षक तथा कर्मचारी दरवन्दीमा विज्ञापनको अनुमति गाउँ शिक्षा समितिले दिन सक्नेछ।

**२१. शिक्षक तथा कर्मचारीहरुको सेवा शर्त, योग्यता र सक्षमताः**

(१) शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिए वमोजिम हुनेछ।

(२) कर्मचारीहरुको सेवा शर्त, योग्यता र सक्षमता तोकिए वमोजिम हुनेछ।

**२२.शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिस गर्नेछः-

(क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा,

(च) निजले अध्यापन गरेको विषयमा तीन बर्षको औषत शैक्षिक उपलब्धी डी प्लस वा सो सरह भन्दा कम भएमा।

(२) उपदफा (१) वमोजिम वा अन्य कानून वमोजिम कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँ कार्यपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ तर कार्यरत पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरण दिने मौकाबाट बञ्चित गरिने छैन।

## परिच्छेद ५

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम

**२३.शिक्षक तथा कर्मचारीको नियुक्तिः**

(१) विद्यालयमा कायम भएको रिक्त दरवन्दी शिक्षक तथा विद्यालय कर्मचारी पदमा करार नियुक्तिको व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) सम्वन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - संयोजक

(ख) गाउँ शिक्षा समितिको अध्यक्षले तोकेको बिषय बिज्ञ सहित २ जना - सदस्य

(ग) शिक्षा समिति अध्यक्षले तोकेको गाउँपालिकाको शिक्षा प्रमुख वा शिक्षा शाखामा कार्यरत कर्मचारी १ जना - सदस्य

(घ) सम्वन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) यस समिति सञ्चालन सम्वन्धी कार्यविधि गाउँ शिक्षा समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

**२४. प्रधानाध्यापकसम्वन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति व्यवस्था देहाय वमोजिम हुनेछ :

(क) माध्यमिक तहमा प्रधानाध्यापक हुन स्नातकोत्तर उपाधि प्राप्त माध्यमिक तहको स्थायी शिक्षक हुनु पर्नेछ । आधारभुत तहका लागि शिक्षा शास्त्र सहित स्नातक तह उत्तीर्ण र आधारभूत तह कक्षा पाँच सञ्चालित विद्यालयका लागि शिक्षा विषय सहित कक्षा १२ वा सो सरह उत्तीर्ण स्थायी शिक्षक हुनु पर्नेछ । प्रधानाध्यापकको नियुक्तिका लागि तोकिए बमोजिमको ढाँचामा पाँच वर्ष विद्यालय विकास प्रस्ताव पेश गर्नु पर्नेछ ।

(ख) प्रधानाध्यापकको अवधी पाँच वर्षको हुनेछ । निज बढीमा दुई कार्यकाल मात्र सो पदमा वहाल रहन सक्नेछ ।

(ग) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको वृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(घ) निजले पेस गरेको कार्ययोजना वमोजिम कार्य गरेको नपाइएमा गाउँ शिक्षा समितिले हटाउन सक्नेछ तर एक पटक स्पष्टिकरणको मौका दिइनेछ ।

(ङ) संस्थागत विद्यालयको हकमा माध्यमिक तहमा स्नातकोत्तर र आधारभूत तहमा स्नातक गरेको र सम्वन्धित तहको अनुमति अध्यापन प्रमाण पत्र प्राप्त शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ । सो नभएमा माध्यमिक तहमा स्नातक उत्तिर्ण र आधारभूत तहमा प्रविणता प्रमाण-पत्र तह उतीर्ण गरेका शिक्षकहरु मध्येबाट प्रधानध्यापक नियुक्ति गरिनेछ ।

**२५. शिक्षक तथा कर्मचारीहरुको सरुवासम्वन्धी व्यवस्थाः**

(१) स्थायी शिक्षक तथा कर्मचारीहरुको हकमा निजले कुनै एक विद्यालयमा अधिकतम पाँच वर्ष सेवा गरे पश्चात अर्को विद्यालयमा सरुवा हुनसक्ने छ । यसरी सरुवा गर्दा अर्को विद्यालयको छनौट सम्वन्धित शिक्षकको रोजाई र प्राथमिकतामा हुने छ तर सो विद्यालयमा सम्वन्धित विषयको दरवन्दी खाली हुनुपर्ने छ ।

(२) न्यूनतम दुई वर्ष एकै विद्यालयमा अध्यापन गरेको स्थायी शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा गाउँ शिक्षा समितिमा सरुवाको लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनको आधारमा गाउँ शिक्षा समितिले आफ्नो क्षेत्र भित्रका दरवन्दी उपलव्ध भएका र सम्वन्धित विद्यालय व्यवस्थापन समितिले सहमति प्रदान गरेको विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको शूरु वा अन्त्यमा मात्र गरिनेछ ।

विशेष अवस्था भन्नाले निज सो विद्यालयमा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिने छ ।

(४) अन्तर स्थानीय तह शिक्षक तथा कर्मचारी सरुवा हुन चाहने शिक्षक, कर्मचारीले सरुवाको लागि तोकिएको ढाँचामा शिक्षा अधिकृत समक्ष निवेदन दिनु पर्नेछ। अन्तर स्थानीय तह सरुवाको लागि निवेदन दिने शिक्षकलाई सरुवा भई जान चाहेको विद्यालय र सोसँग सम्वन्धित गाउँ शिक्षा समितिको सिफारिस आवश्यक पर्नेछ।

(५) शिक्षा समितिको अध्यक्षको तोक आदेश र विद्यालयको सहमतिमा गाउँपालिका भित्रका सबै तहका शिक्षक, कर्मचारी र बालशिक्षिकाहरुको शिक्षा शाखा प्रमुखले कामकाज गर्ने गरी सरुवा गर्न सक्नेछ|

**२६. दरवन्दी मिलानः**

(१) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरवन्दी भएको विद्यालयमा दरवन्दी मिलानको लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न सक्ने छ।

(२) यसका लागि शिक्षक कम भएका विद्यालय, विद्यालय नै नभएको क्षेत्र तथा पिछडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइने छ।

**२७. शिक्षकको बढुवासम्वन्धी व्यवस्थाः**

(१) हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवासम्वन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ। स्थानीय तहबाट करारमा नियुक्ति पाएका शिक्षकहरुको बढुवा हुने छैन।

(२) सामुदायिक विद्यालयको तल्लो तहमा नियुक्ति पाई माथिल्लो तह वा कक्षामा अध्यापन गराउने शिक्षकलाई गाउँ शिक्षा समितिले मूल्याङ्कन गरी तलवको कम्तिमा दशदेखि पन्ध्र प्रतिशत सम्म प्रोत्साहन भत्ता गाउँपालिकाले उपलब्ध गराउन सिफारिस गर्न सक्नेछ।

**२८. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनसम्वन्धी काममा बाहेक अन्य काममा लगाउन पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा वाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्वन्धी काम, प्राकृतिक वा अन्य प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

**२९.कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेः** शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्य सम्पादन करार सम्झौंताको प्रकृया अवलम्वन गर्नु पर्नेछ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा शिक्षा शाखा हेर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतसँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ। करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ।

(३) वार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँ शिक्षा समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ।

**३०.कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कारः**

(१) कार्य सम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरुको कार्य सम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक, कर्मचारीलाई नसिहत गर्नु पर्नेछ ।

(२) कार्य सम्पादन करारका सूचकहरु तयार गर्दा शिक्षकको सृजनशीलता, परिवर्तनशीलताको विकास हुने प्रकारका सूचकहरु निर्धारण गर्नु पर्नेछ ।

(३) कार्य सम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय गाउँ कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

## परिच्छेद ६

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

**३१. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण:**

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउण्ड, घेराबार, बालमैत्री बसाई व्यवस्था, वातावरणमैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र-छात्राको लागि अलग अलग शौचालय तथा सिकाइमैत्री वातावरण हुनु पर्नेछ ।

३) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए वमोजिम हुनेछ ।

४) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठन पाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्नेछ ।

**३२. विद्यालयको सम्पत्ति:**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन वमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून वमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम सम्वन्धित गाउँपालिका शिक्षा विकास कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ ।

**३३. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन:**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानून वमोजिम भोग चलन गर्न सक्नेछ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको हुनेछ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिका र नेपाल सरकारको रहने छ ।

**३४. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः**

(१) विद्यालयले संघीय सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले संघीय सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्वन्धित विद्यालयले तोकिएको समय सीमा भित्र गाउँ शिक्षा समितिमा माग गर्नुपर्नेछ ।

(३) गाउँ शिक्षा समितिले शैक्षिक शत्र शुरु हुनु अगावै सम्वन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रवन्ध गर्नेछ ।

(४) आधारभूत तहसम्मको शिक्षाको लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ। यसको लागि पाठ्पुस्तक गाउँ शिक्षा समितिले निर्णय गरी लागू गर्न सक्ने छ।

६) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वअध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ।

**३५. अतिरिक्त शैक्षिक कृयाकलापको सञ्चालन :**

(१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त तथा सह क्रियाकलापहरु, बालक्लव, वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकूद प्रतियोगिता, साहित्यिक तथा बहु प्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ।

**परिच्छेदः ७**

**संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमनसम्वन्धी व्यवस्था**

**३६. सञ्चालन अनुमतिः** संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए वमोजिम अनुमती वा स्वीकृती लिनु पर्नेछ ।

(१) यो ऐन प्रारम्भ हुदाको वखत कम्पनीको रुपमा संचालनमा रहेका संस्थागत विद्यालयहरुले गाउँपालिकामा तोकिएको ढाँचामा सूचि दर्ता गराएपछि अनुमति पाए सरह हुनेछ ।

**३७. संस्थागत विद्यालयको व्यवस्थापन समितिः**

(१) संस्थागत विद्यालयहरुको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्वन्धित विद्यालयको सिफारिसमा गाउँपालिका अध्यक्ष बाट मनोनित १ जना - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट कम्तिमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना - सदस्य



स्थानीय राजपत्र

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट गाउँ शिक्षा समितिको अध्यक्षले मनोनित गरेको एकजना - सदस्य
(ङ) सम्वन्धित विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना - सदस्य
(च) गाउँ शिक्षा समिति अध्यक्षले मनोनयन गरेका शिक्षा शाखाका कर्मचारी एकजना - सदस्य
(छ) सम्वन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) वमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

३८. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(ङ) संघीय सरकार र गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने गराउने

(च) प्रचलित कानून वमोजिम योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने,

(ज) अनुशासनहीन शिक्षक उपर कारवाही गर्ने गराउने,

(झ) कानूनमा उल्लिखित व्यवस्थाका अतिरिक्त गाउँपालिकावाट जारी शिक्षा क्षेत्रसँग सम्वन्धित सबै नीति, नियम, तथा निर्देशनहरूको पालना गर्ने;

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनसम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

३९. संस्थागत विद्यालयले छात्रवृत्ति उपलव्ध गराउनु पर्ने :

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए वमोजिम आर्थिक रुपमा विपन्न अपाङ्गता भएकाहरु, महिला, दलित विद्यार्थीहरुलाई गाउँपालिकाको सिफारिसमा छात्रवृत्ति वा निःशुल्क शिक्षा उपलव्ध गराउनु पर्नेछ । छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्वन्धित वडा समिति र गाउँपालिका शिक्षा शाखा समक्ष बुझाउनु पर्नेछ ।

(२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रक्रिया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

४०. शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्नेः गाउँ शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ ।

४१. अनुगमन तथा मूल्याङ्कन

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

४२. अनुमति वा स्वीकृति रद्द गर्ने : कुनै संस्थागत विद्यालयले कानून र नियम विपरीत कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्वन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेदः ८

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

४३. (१) गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा कक्षा आठको परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ ।

(क) गाउँ शिक्षा समितिको अध्यक्ष - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सामुदायिक तथा संस्थागत विद्यालयहरुका प्रधानाध्यापकहरु मध्ये गाउँपालिकाको अध्यक्षले तोकेको तोकेको दुई जना प्र.अ. - सदस्य

(घ) प्रमुख, सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय - सदस्य

(ङ) शिक्षक महा संघ प्रतिनिधि एक जना - सदस्य

(च) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) परीक्षा संचालन तथा समन्वय समितिको बैंठकसम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

(३) स्थानीय तहको क्षेत्रधिकार वाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(४) आधारभूत तहको परीक्षा संचालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ ।

(५) अन्य कक्षाहरुको परीक्षा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले सञ्चालन गर्ने छ ।

(६) प्रश्न पत्र निर्माण, कोडिङ्ग-डिकोडिङ्ग, उत्तर पुस्तिका परीक्षण समेतका लागि खण्ड(क) वमोजिमको समितिले गाउँपालिका भित्रका शिक्षक तथा अन्य विज्ञहरु समेतको एक रोष्टर तयार गरी राख्नु पर्नेछ ।

(७) यस गाउँपालिका अन्तर्गत सञ्चालित एस.इ.इ. परीक्षा, कक्षा ११ र १२ को परीक्षा अनुगमनका लागि गाउँ शिक्षा समितिले तोकेको व्यक्तिहरु रहने गरी एक अनुगमन समिति गठन गरिनेछ ।

## परिच्छेदः ९

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन,

४४. विद्यालय कोषः

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

(क) संघीय सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा अभिभावक सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

४५. अनुदानको व्यवस्था :

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिए वमोजिम गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए वमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए वमोजिम अनुदान उपलव्ध गराउन सक्नेछ ।

(३) गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए वमोजिमको अनुदान दिन सक्नेछ ।

(४) प्राविधिक तथा व्यवसायिक विद्यालय र मातृभाषामा शिक्षा दिने विद्यालयलाई प्रोत्साहन अनुदान दिन सक्ने छ ।

(५) संस्थागत विद्यालयलाई दफा ५१ (७) वमोजिम प्राप्त रकमबाट तोकिए वमोजिम शैक्षिक सुधारका लागि विषेश अनुदान दिन सकिनेछ ।

४६. वजेट तयार गर्ने : प्रधानाध्यापकले प्रत्येक वर्षको बैशाख मसान्त भित्र आगामी वर्षको वजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ ।

४७. लेखा व्यवस्थापन

(१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) नियमित कारोबारको लेखा राख्न छुट्टै व्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

४८. सामुदायिक विद्यालयको खाता सञ्चालन

(१) विद्यालयले आर्थिक कारोवार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।

(२) विद्यालयको खाता संचालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारी वा शिक्षकको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ ।

(३) आधारभूत तहका विद्यालयको खाता संचालन प्र. अ. र वि.व्य.स. को अध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुनेछ | माध्यमिक तहको बैंक खाता विद्यालयका प्र.अ., विद्यालय व्यस्वस्थापन समितिका अध्यक्ष र लेखा हेर्ने कर्मचारी वा शिक्षक तिन (३) जनाको संयुक्त दस्तखतबाट संचालन हुनेछ |

४९. लेखा परीक्षण तथा सामाजिक परीक्षण

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ शिक्षा समितिले तोकेको रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(३) प्रत्येक वर्ष विद्यालयले आर्थिक बर्षको पहिलो चौमासिक माग फारम अगाबै गत आर्थिक बर्षको सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलव्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ । यदि सो नगरेमा पहिलो चौमासिक निकासा रोक्का हुन सक्नेछ|

४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठ पोषण लिनु पर्नेछ ।

५०. छात्रवृतिको व्यवस्था गर्न सक्नेः गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

५१. शुल्क सम्वन्धि व्यवस्थाः

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन तर अभिभावक सहयोग लिन वाधा पुऱ्याइएको मानिने छैन ।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइ सकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क गाउँ शिक्षा समितिबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिइने छ । संस्थागत विद्यालयले लिएको विभिन्न शुल्कबाट आएको कुल आयको तीन प्रतिशत शिक्षा शुल्कको रुपमा दफा ५९ वमोजिमको कोषमा जम्मा गर्नुपर्ने छ ।

(८) कुनै विद्यालयले यस ऐन विपरित विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ । यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

५२. विद्यालयलाई छुट र सुविधा

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट हुनेछ ।

(२) उपदफा (१) मा लेखिए बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा संघीय सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए वमोजिम हुनेछ ।

**परिच्छेदः १०**

**विविध**

५३. बिदा सम्वन्धी व्यवस्थाः बिदा अधिकार नभई सहुलियत मात्र हो । गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुको प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरुको विदा तोकिए बमोजिम हुनेछ ।

५४. सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिने छ। यस्ता विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

५५. गाउँपालिकाले निर्देशन दिन सक्नेः

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्वन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

५६. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालनः

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्वन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोके वमोजिम हुनेछ ।

५७. प्रगति विवरण बुझाउनु पर्ने : संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए वमोजिमका विवरण सहितको प्रगति विवरण गाउँ कार्यपालिकाको शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

५८. शिक्षक वा विद्यालयका कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउनेः विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय संचालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्वन्धी कुनै कार्य गर्न पाउने छैन ।

५९. स्थानीय शिक्षा विकास कोष

१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पिडित, असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर वृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ ।

२) कोषमा देहाय वमोजिमका रकम रहन सक्नेछ :

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

३) कोषको सञ्चालन गाउँपालिकाको प्रमुख, शिक्षा हेर्ने कार्यपालिका सदस्य र शिक्षा अधिकृत रहेको ३ सदस्यीय समितिबाट हुनेछ ।

६०. दण्ड सजाय:

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई न्यायिक समितिले विगो असूल उपर गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके वमोजिम सजाय हुनेछ:-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्वन्धित पदाधिकारीको स्वीकृति वेगर प्रवेश गर्ने प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(च) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(छ) कानून विपरितको अन्य कार्य गरेमा ।

(३) विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर नैतिक पतन देखिने फौज्दारी अभियोगमा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्वन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा स्वत: नोकरीबाट अवकाश हुनेछ ।

६१. पुनरावेदन: न्यायिक समितिले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

६२. नियम बनाउने अधिकार:

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक बिनियम बनाई लागू गर्न सक्नेछ ।

६३. संक्रमणकालीन व्यवस्था : यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम, नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

६४. साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्ने: गाउँपालिकाले प्राविधिक तथा व्यवसायिक माध्यमिक विद्यालय सञ्चालन गर्न संघीय सरकार, प्रादेशिक सरकार र अभिभावकहरु बीच साझेदारीमा सञ्चालन गर्न सक्नेछ ।

६५. बाधा अडकाउ फुकाउने अधिकार: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ तर यस्तो आदेश गाउँ कार्यपालिकाले छ महिना भित्र गाउँ सभाबाट अनुमोदन नगरेमा स्वत निष्क्रिय हुनेछ ।

६६. बचाउ र लागू नहुने:

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही वमोजिम र नलेखिएको कुरामा प्रचलित कानून वमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान, संघीय कानून र प्रदेश कानूनसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वत: निस्क्रिय हुनेछ ।

**आज्ञाले,**
**तुलराज थापा मगर**
**प्रमुख प्रशासकीय अधिकृत**

स्थानीय राजपत्र